(२० औं बैठक)

आज मिति २०८० असार १७ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङबु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री भद्र बहादुर वस्नेत (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)

प्रस्तावहरु :

१. प्रशासकीय भवनको कम्पाउण्ड वालको अन्तिम भुक्तानी सम्बन्धमा,
२. प्रशासकीय भवन भित्र भएको कामको भुक्तानी सम्बन्धमा,
३. लामोसाधुँ फुटवल प्रतियोगिताको लागि सहयोग सम्बन्धमा,
४. गाउँपालिकाको प्रशासकीय भवन उद्घघाटन सम्बन्धमा,
५. विविध सम्बन्धमा ।

निर्णयहरु

१. यस भोटेकोशी गाउँपालिकाको प्रशासकीय भवनको निर्माणाधिन कम्पाउण्ड वालको अनुगमन पश्चात अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

२. यस भोटेकोशी गाउँपालिकाको प्रशासकीय भवन भित्र भएको पार्केटिङ्ग,पार्टेशन लगायत सम्झौता बमोजिमको कार्यको तपसिल कार्यहरुको भुक्तानी नियमानुसार दिने निर्णय गरियो ।
   १) सभाहल तथा अन्य कक्षमा फलसिलिङ्ग तथा पार्टेशन वापतको खर्च : रु ८३९२२९/-
   २) सभाहल तथा प्यासेजमा थ्री सिटर चेयर खरिद खर्च : रु ९९९०३३/-
   ३) नयाँ प्रशासकीय भवनको पार्केटिङ्ग तथा PVC Floor व्यवस्थापन : ९९८६३७/-
   ४) नयाँ प्रशासकीय भवनमा पर्दा तथा अन्य व्यवस्थापन : ९९८९९२/-

३. वाह्रविसे नगरपालिकाको लामोसाधुँमा हुने फुटवल प्रतियोगिताको लागि रु ९० हजार सहयोग गर्ने निर्णय गरियो ।

४. यस भोटेकोशी गाउँपालिकाको नवनिर्मिति प्रशासकीय भवनको मिति २०८० असार २१ गते उद्घघाटन गर्ने निर्णय गरियो ।

५. विविध :
   १) झिर्पु मा.वि. गेट वाल निर्माणको लागि शिक्षा शाखा व्यवस्थापन शीर्षकबाट रु ४५ हजार भुक्तानी दिने निर्णय गरियो ।
   २) तोगोचे घाट निर्माणको लागि विपद कोषबाट रु ४५ हजार विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।
   ३) भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा प्रशासन सेवा, लेखा समुह, लेखा अधिकृत पद, अधिकृतस्तर सातौं तहमा कार्यरत श्री भवानी प्रसाद मिश्रलाई बागमती प्रदेश सरकारद्धारा स्थानीय तहको सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को परिच्छेद ५ को दफा ३० बमोजिम आबश्यक न्यूनतम योग्यता पुगेको हुँदा नियमानुसार स्थानीय प्रशासन सेवा, लेखा समुह, वरिष्ठ लेखा अधिकृत पद, अधिकृतस्तर आठौं तहमा मिति २०८० श्रावण १ गते देखि जेष्ठता लागु हुने गरी तह वृद्धि गर्ने निर्णय गरियो ।
   ४) भोटेकोशी गाउँकार्यपालिकाको मिति २०८०/०३/०१ गतेको सार्वजनिक सुचना अनुसार प्राप्त निवेदन मध्ये तपसिल बमोजिमका आमा समुहहरुलाई बिउँपुजी अनुदान रकम तपसिल बमोजिम वितरण गराउने निर्णय गरियो।
      - भैरवकुण्ड आमा समुह रु १ लाख
      - सेलाङकट्टी कृषक आमा समुह रु १ लाख ५० हजार
      - लोछेन रत्नपट मानी छोक्पा समुह रु ५ लाख
      - मार्मिङ महिला समुह रु ७ लाख ५० हजार

(समाप्त)